


# फोहोर र पुन: प्रयोग गर्न मिल्ने वस्तुहरू छुट्याउने र फाल्नको लागि निकाल्ने तरिका

**45 लिटर वा सोभन्दा कमको रंगहीन पारदर्शी वा सेतो अर्धपारदर्शी फोहोरका झोलाहरू बाहेक अन्य झोलाहरू सङ्कलन गरिनेछैन।**


●फोहोर फाल्नको लागि निकाल्ने 3 नियमहरू (1. तोकिएको बार, 2. तोकिएको ठाउँमा, 3. तोकिएका वस्तुहरू बिहानको 8:30 बजेसम्ममा फाल्नको लागि निकाल्नुहोस्) को पालना गर्नुहोस्।

**सहरले निःशुल्क सङ्कलन गर्ने फोहोरहरू**

| सङ्कलन गर्ने बार | वर्गीकरण | | प्रकारहरू | फाल्नको लागि निकाल्ने तरिका | |
|---|---|---|---|---|---|
| हप्तामा 2 पटक<br>बारः | जलाउने फोहोर |  | ●बाँकी रहेको खाना र तरकारीका टुक्राहरू (राम्रोसँग पानी निचर्नुहोस्)<br>●फोहोर कागज, थर्मल पेपर, डिस्पोजेबल डायपर, सुकाउने पदार्थ (ड्राइङ एजेन्ट), आइस प्याक, कुसन, डिस्पोजेबल ह्यान्ड वार्मर, कुसन आदि भरिएको खेलौना<br>●प्लास्टिक, रबर, छालाले बनेका सामानहरू, CD, DVD, जुत्ताहरू<br>●सफा गर्न गाह्रो मेयोनेज आदिका कन्टेनरहरू<br>●प्लास्टिक र कागजले बनेका घरमा गरिने चिकित्साका नष्ट गर्ने फोहोरहरू<br>●कूचो आदि (सरसफाइका उपकरणहरू) ●वाकिङ स्टिक<br>●बिरुवाका हाँगाहरू (100 cm वा सोभन्दा कम) |  | ●30 cm x 30 cm x 30 cm वा सोभन्दा कमका वस्तुहरू वा 45 ℓ को झोलामा अट्ने वस्तुहरू।<br>●पानी निचरेर झोलाको मुख बन्द गरी एक हातले बोक्न सक्ने तौलको बनाउनुहोस्।<br>●डिस्पोजेबल डायपर, स्टोमा आदिमा रहेको फोहोर वस्तुलाई शौचालयमा फालेपछि झोलामा हालेर फाल्नको लागि निकाल्नुहोस्।<br>●बाँसको काँटी तथा अन्य चुच्चो परेका वस्तुहरूलाई सुरक्षित बनाई (बटुलेर चुच्चो भागमा कागज बेर्ने आदि) झोलामा हालेर फाल्नको लागि निकाल्नुहोस्। |
| हप्तामा 1 पटक<br>बुधबार | नजलाउने फोहोर |  | ●विद्युतीय उपकरणहरू ●डिस्पोजेबल ब्याट्रीहरू ●धातुका वस्तुहरू ●स्प्रे क्यानहरू<br>●लाइटरहरू ●सिसा, कस्मेटिकको सिसा, सेरामिक आदिका बोतलहरू<br>●प्लेट जस्ता सेरामिकका भाँडाहरू<br>*एयर कन्डिसनर, टिभी, फ्रिज, लुगा धुने मेसिन, लुगा सुकाउने मेसिन र घरायसी प्रयोजनका कम्प्युटरहरू सङ्कलन गर्न सकिनेछैन। (पछाडिको पृष्ठ हेर्नुहोस्)<br>*रिचार्जेबल ब्याट्रीहरू सङ्कलन गर्न सकिनेछैन। (बटन आकारका ब्याट्रीहरूलाई इलेक्ट्रोनिक्स खुद्रा पसल वा सहर कार्यालयको तोकिएका स्थानहरूमा लिएर जानुहोस्।) |  | ●30 cm x 30 cm x 30 cm वा सोभन्दा कमका वस्तुहरू वा 45 ℓ को झोलामा अट्ने वस्तुहरू।<br>●स्प्रे क्यान र लाइटरहरू पूर्ण रूपमा प्रयोग गर्नुहोस्। (क्यानमा प्वाल नपार्नुहोस्)<br>●फुटेको सिसाको भाँडा, धारिलो वस्तु जस्ता खतरनाक वस्तुहरूलाई सुरक्षित बनाई "キケン(खतरा)" भनेर लेख्नुहोस्। |
| | प्लास्टिकले बनेको कन्टेनर र प्याकेजिङ |  | *विस्तृत विवरणहरूको लागि पछाडिको पृष्ठ (प्लास्टिकले बनेको कन्टेनर र प्याकेजिङको पहिचान गर्ने र फाल्ने तरिका) हेर्नुहोस्। | <br>फोहोर हाल्ने एउटा फोहोरको झोला प्रयोग गर्नुहोस्। | ●फोहोर वस्तुहरूलाई जलाउने फोहोरको रूपमा फाल्नको लागि निकाल्नुहोस्।<br>●प्लास्टिकको चिन्ह नभएको वस्तु नमिसाउनुहोस्। |
| हप्तामा 1 पटक<br>बारः | सिसा, सेरामिक आदिका बोतलहरू | <br>नीलो कन्टेनरमा हाल्नुहोस्।<br>बिर्को हटाउनुहोस्। | ●सफ्ट ड्रिन्क्स, मदिरा, खाद्य पदार्थ र स्वादवर्धक पदार्थहरू भएका सिसा, सेरामिक आदिका बोतलहरू<br>*फुटेका सिसा, सेरामिक आदिका बोतलहरू नजलाउने फोहोरहरू हुन्। |  | ●धातुका बिर्कोहरूलाई नजलाउने फोहोरको रूपमा र प्लास्टिकका बिर्कोहरूलाई प्लास्टिकले बनेको कन्टेनर र प्याकेजिङको रूपमा फाल्नको लागि निकाल्नुहोस्।<br>●पानीले धोएर नीलो कन्टेनरमा हाल्नुहोस्।<br>*सिसा, सेरामिक आदिका बोतलहरूको लेबल नहटाए पनि हुन्छ।<br>*नीलो कन्टेनर मा सिसा, सेरामिक आदिका बोतलहरू बाहेक अन्य वस्तुहरू नहाल्नुहोस्। (भित्र सामग्री बाँकी भएका बोतलहरू सङ्कलन गरिनेछैन।) |
| | प्लास्टिकका बोतलहरू | <br>बिर्को र लेबल हटाएर प्लास्टिकले बनेको कन्टेनर र प्याकेजिङमा हाल्नुहोस्। | ●जुस, ओच्या जस्ता पेय पदार्थहरूको लागि<br>●साके, मिरिन र शोचु जस्ता मदिराहरू<br>●सोया सस जस्ता तरल स्वादवर्धक पदार्थहरूको लागि |  | ●बिर्को र लेबलहरूलाई प्लास्टिकले बनेको कन्टेनर र प्याकेजिङको रूपमा फाल्नको लागि निकाल्नुहोस्।<br>●कन्टेनरलाई पानीले धुनुहोस्।<br>●स्टेसनमा भएको निलो जालीमा हाल्नुहोस्।<br>●कुच्याएर सानो बनाउनुहोस्। |
| हप्तामा 1 पटक<br>बारः | पुन: प्रयोग गर्न मिल्ने वस्तुहरू |  | ●पत्रिका ●कार्डबोर्ड बक्स ●कागजका कार्टुनहरू<br>●म्यागजिन ●विभिन्न कागजले बनेका सामानहरू ●पुराना लुगाहरू |  | ●पत्रिका, म्यागजिन, कार्डबोर्ड बक्स, मिठाइ र टिस्युको बक्स आदि प्रत्येकलाई छुट्टाछुट्टै फाल्नको लागि निकाल्नुहोस्।<br>●पुराना लुगाहरूलाई झोलामा हालेर फाल्नको लागि निकाल्नुहोस्। फोहोर लुगाहरू फाल्नको लागि ननिकाल्नुहोस्। |
| | |  | ●आल्मुनियमका क्यानहरू ●स्टीलका क्यानहरू<br>●मिठाइ र क्यान्ड फूडका क्यानहरू<br>●पोर्टेबल ग्याँसका सिलिन्डरहरू | <br>पानीले धोएर झोलामा हाल्नुहोस्। | ●पानीले धुनुहोस्।<br>●पोर्टेबल ग्याँसका सिलिन्डरहरूलाई पूर्ण रूपमा प्रयोग गरिसकेपछि फाल्नको लागि निकाल्नुहोस्। |

सम्पर्क: वातावरण स्वच्छता केन्द्र 072-782-0968/फ्याक्स: 072-775-3179

# प्लास्टिकले बनेको कन्टेनर र प्याकेजिङको पहिचान गर्ने तरिका



यसमा यो चिन्ह भएका वस्तुहरू पर्दछन्।

POINT



- दुई वटा फोहोरको झोला खप्टेर प्रयोग नगर्नुहोस्।
- 45 लिटर वा सोभन्दा कमको रंगहीन पारदर्शी वा सेतो अर्धपारदर्शी फोहोरका झोलाहरू प्रयोग गर्नुहोस्।
- छरिनबाट जोगाउने जालीमुनि राख्नुहोस्।
- फोहोर हटाउन नसकिने वस्तुहरूलाई जलाउने फोहोरको रूपमा फाल्नुहोस्।
- अर्को सहरको नाम लेखिएका झोलाहरू सङ्कलन गरिने छैन।




## ठूला फोहोरहरू फाल्नको लागि निकाल्ने तरिका

*शुल्क लाग्नेछ।

[ठूला फोहोरहरू फाल्नको लागि लाग्ने रकम]

- प्रति वस्तु 300 येनदेखि 1,800 येनसम्म
- ठूला फोहोरहरूको (शुल्क लाग्नेछ) सूची हेर्नुहोस्।


ठूला फोहोरहरूको (शुल्क लाग्नेछ) सूची



| रिजर्भ गर्न सकिने फोहोरको संख्या | 1 पटकमा 5 वटासम्म। | वस्तुको साइज | अधिकतम चौडाइ र उचाइ निश्चय गर्नुहोस्।*1 |
|---|---|---|---|

[अनलाइन मार्फत आवेदन दिने तरिका]

1




कम्प्युटर वा स्मार्टफोनबाट इमेल एड्रेस दर्ता गर्नुहोस्।

2




इमेलमा पठाइएको URL बाट आवश्यक जानकारी (ठेगाना, नाम, वस्तु, संख्या, आदि) प्रविष्ट गर्नुहोस्।

3




अनलाइन भुक्तानी गरेर आवेदन प्रक्रिया पूरा गर्नुहोस्। क्रेडिट कार्ड र PayPay प्रयोग गर्न सकिन्छ।

4





सङ्कलन गरिने दिन जारी गरिएको आवेदन नम्बर लेखिएको कागज आदि टाँसेर घरको ढोका अगाडि वा भवन बाहिर निकालेर राख्नुहोस् (बिहानको 8 बजे सम्म)।


| | | | |
|---|---|---|---|
| इन्टरनेट मार्फत आवेदन | अनलाइन मार्फत 24 सै घण्टा आवेदन दिन सकिन्छ। | नम्बर टाँस्नुहोस्। | जारी गरिएको नम्बरलाई कागज आदिमा लेखेर नउक्किने गरी टाँस्नुहोस्।*2 *नम्बर नभएका फोहोरहरू सङ्कलन गरिनेछैन। |
| | | आवेदनको सम्बन्धमा | तपाईंको नाम र ठेगाना काताकाना वा हिरागानामा प्रविष्ट गर्नुहोस्। |
| फोन मार्फत आवेदन | इतामी सहर ठूला फोहोरहरूको लागि आवेदन दिने केन्द्र फोन नम्बर: 072-769-5380 (सार्वजनिक बिदाको दिन लगायत सोमबार~शुक्रबार 8:30~17:30) *सङ्कलन शुल्क (नगद) आवश्यक पर्नेछ। उक्त दिन तपाईं उपस्थित हुनुपर्छ। | | |


सन्दर्भ रेखाचित्र

*1





*2




## 1. कानून अनुसार रिसाइकल नगरीकन नहुने वस्तुहरू

- एयर कन्डिसनर
- लुगा धुने मेसिन
- फ्रिज
- फ्रिजर
- टिभी
- ड्राएर



यी सामानहरू फाल्न चाहेको बेला सम्बन्धित सामान किनेको इलेक्ट्रोनिक्स पसलमा परामर्श गर्नुहोस्।
इलेक्ट्रोनिक्स पसलमा परामर्श गर्न नसकेको खण्डमा तल लेखिएको कम्पनीलाई अनुरोध गर्नुहोस्।

SG मुभिङ कम्पनी लिमिटेड
फोन नम्बर: 0570-056-006 (न्याभी डायल, खुला समय: 9:00~18:00)
दायाँपट्टि रहेको दुई आयामी कोडबाट अनलाइन रिजर्भ गर्न सकिन्छ।

टिभी आदि फाल्ने तरिका

कम्प्युटर रिसाइक्लिङ्ग

## 2. कम्प्युटर फाल्ने तरिका

- कम्प्युटर बनाएको मेकरलाई सम्पर्क गर्नुहोस् वा तल लेखिएको कम्पनीमा अनुरोध गर्नुहोस्।

रिनेट जापान रिसाइकल कम्पनी लिमिटेड
फोन नम्बर: 0570-085-800 (न्याभी डायल, खुला समय: 10:00~17:00)



## 3. सहरले उचित रूपमा नष्ट गर्न नसक्ने वस्तुहरू

बिक्री पसल वा मेकर आदिद्वारा सङ्कलन गरिने वस्तुहरू

- प्रोपेन ग्याँस • उच्च चापको सिलिन्डर
- आगो निभाउने उपकरण • विस्फोटक पदार्थ
- कीटनाशक • रसायनजन्य पदार्थहरू
- खतरनाक वस्तु • विषालु पदार्थ • ब्याट्री
- मोटरसाइकल • टायर • पियानो
- ब्याट्री • प्रयोग भइसकेको तेल • पेन्ट
- कङ्क्रिटको ब्लक • ईंटा
- भवन आदि भत्केपछिका निर्माण सामग्रीहरू
- माटो • बालुवा • ढुङ्गा
- सवारी साधनको पार्टपुर्जा आदि




सहरले सङ्कलन गर्न सक्दैन।
खरिद गरेको पसल वा मेकरसँग परामर्श गर्नुहोस्।
नबुझेको खण्डमा वातावरण स्वच्छता केन्द्रमा सम्पर्क गर्नुहोस्।
फोन नम्बर: 072-782-0968

## 4. व्यवसायिक फोहोर (पसलबाट निस्कने फोहोर)

- पसल वा कम्पनीबाट निस्कने फोहोर (व्यवसायिक फोहोर) सहरले सङ्कलन गर्नेछैन।
- घरेलु फोहोर संकलन स्टेसनहरूमा फाल्नको लागि राख्न निषेध गरिएको छ।
- व्यवसायिक फोहोर फाल्ने तरिका सम्बन्धी जानकारीको लागि दायाँपट्टि रहेको दुई आयामी कोडबाट सहरको वेबसाइटमा जानुहोस्।
- सम्पर्क स्थान: वातावरण स्वच्छता केन्द्र फोन नम्बर: 072-782-0968

सम्पूर्ण व्यवसायीहरूको लागि

इमेल मार्फत पनि सोधपुछ गर्न सकिन्छ। तपाईंले फाल्न चाहनुभएको फोहोरको फोटो संलग्न गर्नुहोस्।
जवाफ दिन केही समय लाग्ने अवस्थाहरू हुन सक्छ।

:kankyo-cc@city.itami.lg.jp

प्रकाशक: इतामी सहर वातावरण स्वच्छता केन्द्र
ठेगाना: इतामी सहर इवाया 2-2-8
फोन नम्बर: 072-782-0968
फ्याक्स: 072-775-3179